जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

अनुसूची- २

-दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

जोशीपुर गाउँपालिका

# जोशीपुर गाउँपालिका विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधि, २०८२

स्थानीय राजपत्र

खण्डः ९ | संख्याः १ | मितिः२०८२/०९/०३

**भाग-२**

**जोशीपुर गाउँपालिका**

**प्रस्तावना :** नेपालको संविधान धारा ३५ स्वास्थ्य सम्बन्धी मौलिक हकको उपधारा ४ ले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक सुनिश्चित गरेको र विद्यालय शिक्षा क्षेत्र योजनाले गुणस्तरीय शिक्षाका लागि विद्यालयमा स्वच्छ खानेपानी, व्यवस्थापन, सरसफाइका सुविधा र स्वच्छ वातावरणको आवश्यकतालाई महत्वपूर्ण पक्षको रुपमा लिएको सन्दर्भमा सबै विद्यालयहरुमा खानेपानी र सरसफाइको सुविधा एवम् स्वच्छ वातावरणको विकास तथा प्रवर्द्धन गर्ने कार्यमा एकरुपता ल्याई विद्यार्थीको सिकाइ उपलब्धमा सुधार एवम शैक्षिक गुणस्तरमा अभिवृद्धिगर्न आवश्यक भएकोले , नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा १ बमोजिम बनेको जोशीपुर गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ को दफा ४ बमोजिम जोशीपुर गाउँपालिका विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बंन्धी कार्यविधि २०८२ " स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम र परिभाषा

### १.१ संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नामः "जोशीपुर गाउँपालिका विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधि २०८२" रहेको छ।

ख) यो कार्यविधि जोशीपुर गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

### १.२. परिभाषा विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "गाउँपालिका "भन्नाले जोशीपुर गाउँपालिका भन्ने बुझ्नु पर्दछ।

ख) "विद्यालय" भन्नाले यस गाउँपालिकामा सञ्चालनमा रहेका सम्पुर्ण बिद्यालय भन्ने सम्झनु पर्दछ ।

ग) "शिक्षा समिति" भन्नाले जोशीपुर गाउँपालिका स्तरीय शिक्षा समिति भन्ने सम्झनु पर्दछ।

घ) "समिति" भन्नाले कार्यविधिको परिच्छेद ४ बमोजिम गठित समिति भन्ने सम्झनु पर्दछ।

ङ) "विद्यालय खानेपानी" भन्नाले विद्यालय हाताभित्र नेपाल खानेपानी गुणस्तर मापदण्ड २०७९ अनुसार निरन्तर रुपमा उपलब्ध छात्र, छात्रा, शिक्षक, कर्मचारी लगायतका व्यक्तिहरूको मानव स्वास्थ्यलाई हानी गर्ने भौतिक, जैविक र रासायनिक पदार्थहरू नरहेको पानी भन्ने बुझ्नु पर्छ ।

च) "विद्यालय सरसफाइ" भन्नाले छात्र, छात्रा, शिक्षक तथा कर्मचारीहरूको मलमुत्रको सुरक्षित विसर्जनका लागि विद्यालय हातामा बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री, वातावरणमैत्री लगायत गोपनीय एवं व्यवस्थित शौचालयको सुविधालाई बुझाउँछ । सरसफाइले फोहरमैला सँकलन र फोहोर पानीको सुरक्षित विसर्जन मार्फत स्वच्छता कायम गर्नु समेतलाई बुझाउँछ।

छ) "विद्यालय स्वच्छता" भन्नाले विद्यालय वातावरण सफा गर्न, रोगको विस्तार रोक्न र विद्यालयमा छात्र तथा छात्राहरू, शिक्षक तथा कर्मचारीहरूलाई बिरामी हुनबाट बच्न अपनाइने साबुनपानीले हात धुने, महिनावारी स्वच्छता, खाना तथा खाजाको स्वच्छता व्यवस्थापन लगायत सम्पूर्ण व्यवहारहरूलाई जनाउँछ।

ज) "तारा पद्धति" भन्नाले विद्यालयमा विद्यमान खानेपानी र सरसफाइका सुविधा, स्वच्छता अभ्यासको अवस्था, संस्थागत सुदृढीकरण र दिगोपनासँग सम्बन्धित तोकिएको सूचकहरूको आधारमा विद्यालयले स्वमूल्याङ्कन गरी विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिकाले प्रमाणीकरण गरे अनुसार



अमित कुमार साह
अधिकृत

एक, दुई र तीन तारामा वर्गीकरण गरी खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्द्धनलाई स्तरीकृत गर्दै लैजाने पद्धतिलाई जनाउँछ ।

झ) "बाल क्लब" भन्नाले विद्यालयमा बालबालिकालाई आफै गरेर सिक्ने क्षमता र सामूहिक भावना विकास गर्न बालबालिकाहरुबीच गठित विभिन्न विषयसँग सम्बन्धित समूहलाई जनाउँछ ।

## परिच्छेद २

## लक्ष्य, उद्देश्य तथा रणनीति

**२.१ लक्ष्य** : सबै प्रकारका विद्यालयमा दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता प्रबर्द्धन गरी उपयुक्त शिक्षण वातावरण निर्माण गर्ने शैक्षिक उपलब्धि बढाउन अनुकूल वातावरणको सृजना गर्ने ।

### २.२ उद्देश्यहरु

२.२.१ विद्यालयमा सबै बालबालिकाहरुका लागि अनुकूल हुने गरी खानेपानी, सरसफाइ तथा स्वच्छताका सूचक एवम् मापदण्ड तयार गर्ने,

२.२.२ तयार गरिएको मापदण्ड कार्यान्वयनका लागि विधि, प्रक्रिया र पद्धतिका विषयमा सहजीकरण गर्ने,

२.२.३ विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्थापन, सरसफाइका सुविधा र स्वच्छ वातावरण तयार गर्नका लागि उपलब्ध स्रोत साधनको उपयोगमा विभिन्न निकायहरुको भूमिका पहिचान एवम् समन्वयका लागि सहजीकरण गर्ने ।

### २.३ रणनीतिहरु

२.३.१ विद्यालय खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी विषयहरूलाई गाउँपालिका तथा वडा तहका योजना प्रक्रियामा प्रवाहीकरण गर्ने,

२.३.२ विद्यालय खानेपानी सरसफाइ तथा स्वच्छता प्रबर्द्धन लागि नेपाल सरकार तथा सम्बन्धित मन्त्रालय, संयुक्त राष्ट्र संघ, विकाशका सकझेदरी गैरसरकारी, निजी क्षेत्र र नागरिक समाजबीच समन्वय, सहकार्य र साझेदारी गर्ने,

२.३.३ विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताको विषयलाई विद्यालय सुधार योजनामा समावेश गर्ने,

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

२.३.४ विद्यालय खानेपानी र सरसफाइका सुविधा र स्वच्छता प्रवर्धनका लागि निरन्तर स्वमूल्याङ्कन पद्धति विकास गरी अवलम्बन गर्ने,

२.३.५ बाल क्लब, विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति र सरोकारवालाहरुको क्षमता विकास गर्ने,

२.३.६ विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता कायम गर्ने कार्यलाई नियमित सिकाइ क्रियाकलापसंग आवद्ध गर्ने ।

## परिच्छेद ३

## विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताका मापदण्ड

३.१ सबै विद्यालयहरुमा शुद्व एवम स्वच्छ पानी, विद्यार्थि सँख्या अनुसार सफा र सुरक्षित शौचालय, वातावरणीय सरसफाइ, हरियाली वातावरण, स्वच्छता सुविधा र स्वच्छता शिक्षा, महिनावारी स्वच्छता व्यवस्थापन, संस्थागत व्यवस्था र दिगोपना, विपद जोखिम व्यवस्थापन, अनुगमन तथा जवाफदेहिताका आधार सहितका मापदण्ड हुनेछ । विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताका अवस्थालाई मूल्याङ्कन गरीवर्गीकरण गर्न तारा पद्धतिलाई आधार मानिनेछ । विद्यालयका वर्गीकरण अनुसूची १ अनुसारका मापदण्डहरुका आधारमा गरिनेछ ।

३.२ विद्यालयमा विद्यमान खानेपानी सरसफाइ एवं स्वच्छताको अवस्था हेरी तोकिएका मापदण्डको आधारमा विद्यालयलाई उत्कृष्ट, मध्यम र सुधारोन्मुख गरी तीन वर्गमा वर्गीकरण गरीनेछ।

३.३ यस कार्यविधिका आधारमा पहिचान भएका उत्कृष्ट विद्यालयका लागि तीन तारा, मध्यम अवस्थाका लागि दुई तारा र सुधारोन्मुख अवस्थाका लागि एक तारा / आपेक्षित अवस्था भन्दा कमको अवस्थाका लागि सुन्य तारा सबैले देख्न सक्ने ठाँउमा प्रदर्शन गर्ने व्यवस्था विद्यालयले मिलाउनु पर्नेछ।

अमित कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

जोशीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोशीपुर कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

# परिच्छेद ४

## समिति सम्बन्धी व्यवस्था

**४.१ विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति :** विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी योजना तर्जुमा, सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि प्रत्येक विद्यालयमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिको मातहतमा रहने गरी देहायका सदस्य रहेको एक विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछ :-

क) विद्यालय व्यवस्थापन समितिले छनोट गरेको सो समितिको सदस्य - अध्यक्ष

ख) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्पर्क शिक्षक -सदस्य

ग) शिक्षक अभिभावक संघले आफूमध्येबाट छानी पठाएको एकजना महिला सदस्य -सदस्य

(घ) विद्यालय सेवा क्षेत्रभित्र रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाको प्रतिनिधि एकजना -सदस्य

(ङ) सम्बन्धित वडा समिति बाट प्रतिनिधि एकजना -सदस्य

च) बालक्लवका पदाधिकारीहरुले आफूमध्येबाट छानी पठाएको एकजना छात्रा सहित दुईजना -सदस्य

छ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक एक जना -सदस्य सचिव

### ४.२ बैठक सम्बन्धी कार्यविधि

(क) समितिको बैठक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ ।

ख) समितिको बैठक सो समितिका अध्यक्षका निर्देशनमा सदस्य सचिवले बोलाउनेछ ।

ग) समन्वय समितिको बैठकमा छलफल हुने विषय सूची सदस्य सचिवले बैठक सञ्चालन हुनुपूर्व सदस्यहरुलाई जानकारी गराउनु पर्नेछ।

घ) समितिमा तत्काल कायम रहेका पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थितभएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

ङ) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरु मध्येबाट उमेरले जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

च) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकका अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

अमित कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

छ) खानेपानी, सरसफाइ तथा स्वच्छता, स्वास्थ्य तथा पोषण सम्बन्धित व्यक्ति एवम संस्थालाइ अश्यकताको आधारमा बैठकमा आमन्त्रण गर्न सकिनेछ । ज) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## ४.३ समितिको काम कर्तव्य र अधिकार

क) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरुको सुनिश्चितताका लागि सहभागितात्मक योजना तर्जुमा र कार्यान्वयन गर्ने,

ख) विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका लागि सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने,

ग) विद्यालय सुधार योजनामा खानेपानी, सरसफाइ तथा स्वच्छताका क्रियाकलापहरु समावेश गराई सुरक्षित खानेपानी ,सरसफाई स्वच्छताको अभ्यास गराउने वातावरण तयार गर्ने,

घ) विद्यालयलांई मापदण्डको आधारमा उत्कृष्ट अवस्थामा पुर्‍याउनका लागि आवश्यक स्रोतहरुको खोजी र व्यवस्थापन गर्ने,

ङ) विद्यालयका खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरुको मर्मत, सम्भार, रेखदेख र अनुगमन गर्ने,

च) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताको स्वमुल्याँकन तथा अनुगमन कार्यमा सहजिकरण र सोको आध्यावधिक अवस्थाको विवरण विद्यालय व्यवस्थापन समितिलाई उपलब्ध गराउने

छ) विद्यालयलाई तीन तारायुक्त बनाउन र निरन्तरता दिनका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यालय प्रशासन र बालक्लव सँग समन्वय गरी अन्य आवश्यक कृयाकलापहरु संचालण /कार्यन्वयनका लागि सहजिकरणगर्ने,

ज) विद्यालय स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समीक्षा तथा योजना तर्जुमा, गोष्ठी आयोजना गरी बर्षभरिमा उत्कृष्ट कार्य गर्ने अभिभावक, शिक्षक, कर्मचारी एवं विद्यार्थीहरुलाई पुरस्कृत गर्ने ।

## ४.४ समितिको कार्यकाल अवधि

(क) समितिको कार्यकाल अवधि २ वर्षको रहने छ।

अमित कुमार साह
प्रशासकीय अधिकृत

गोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

## परिच्छेद ५

## स्वमूल्याङ्कन, बर्गीकरण र प्रमाणीकरण

### ५.१ विद्यालय स्वमूल्याङ्कन, वर्गीकरण र प्रमाणीकरण प्रकृया

क) परिच्छेद ३ को ३.१ मा उल्लेखित सूचकहरुको आधारमा विद्यालयको खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले शैक्षिक सत्र सुरु भएको सामान्यतया तीन महिनाभित्र स्वमूल्याङ्कन गर्नुपर्नेछ ।

ख) समितिले आफ्नो राय सहित स्वमूल्याङ्कन फाराम विद्यालय व्यवस्थापन समितिमा पेश गर्नुपर्नेछ ।

ग) विद्यालय व्यवस्थापन समितिले आफ्नो राय सहित स्वमूल्याङ्कन फाराम भरी प्रमाणीकरणका लागि गाउँपालिकमापेश गर्नुपर्नेछ ।

(घ) गाउँपालिकाले विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छतामा प्राविधिक सहितको स्थलगत अनुगमनको सिफारिसमा तारा निर्धारण गर्नेछ ।

ङ) लगातार दुई पटकको बार्षिक समीक्षामा कुनै विद्यालयले तीन ताराको अवस्थालाई कायम राख्न सफल भएमा गाउँपालिकाले त्यस्ता विद्यालय तथा त्यस कार्यमा योगदान गर्ने संस्था / व्यक्तिलाई प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गर्न सक्नेछ।

## परिच्छेद ६

## क्षमता विकास तथा वित्तिय व्यवस्थापन

### ६.१ क्षमता विकासका क्रियाकलाप

विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका लागि विभिन्न तहमा क्षमता विकासका देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन हुनेछन् :-

क) संघ,प्रदेश विकाशका साझेदारी सरकारी तथा गैर सरकारी निकाय र सरोकारवालाहरु संग समन्वय तथा सहकार्यमा घीय तहको समन्वयमा विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका लागि नीतिगत विषयमा गोष्ठी, सेमिनारहरुको आयोजना गरिनेछ ।

अमित कुमार साह
प्रशासकीय अधिकृत

ख) प्रदेश तहको समन्वयमा सरकारी तथा गैर सरकारी निकाय र सरोकारवालाहरुलाई विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन समबन्धी सिकाइ आदान प्रदान, योजना तर्जुमा तथा समन्वय गोष्ठी तथा सम्मेलनहरुको आयोजना गरिनेछ ।

ग) गाउँपालिकाको समन्वयमा सरकारी तथा गैरसरकारी निकाय, गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति, गाउँपालिका स्तरीय शिक्षा समितिका पदाधिकारीहरु, शिक्षक अभिभावक संघ र बालक्लब समेतलाई विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन सम्बन्धी अभिमुखीकरण गोष्ठी सञ्चालन गरिनेछ ।

घ) गाउँपालिका भित्रका अन्तर विद्यालयको समन्वयमा शैक्षिक भ्रमणको आयोजना गरी एक अर्को विद्यालयको खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनको सफलता सिकाई अबलम्बन गरिनेछ ।

ङ) विद्यालयको खानेपानी, सरसफाइ तथा स्वच्छताका आधारहरु र सूचकहरुलाई लक्षित गरी विद्यालयस्तरीय निबन्ध, वक्तृत्वकला, कविता, हाजिरी जवाफ, नाटक जस्ता प्रतियोगितात्मक कार्यक्रमहरुको आयोजना गरिनेछ ।

## ६. २ वित्तीय व्यवस्थापन

**६.२.१ खानेपानी सरसफाइ तथा स्वच्छता मर्मत संभार कोष :** (१) विद्यालयको खानेपानी, सरसफाइ तथा स्वच्छताको व्यवस्थापनका लागि गाउँपालिका स्तरमा छुट्टै एक मर्मत संभार कोषको ब्यवस्था गरिनेछ र उक्त कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन:

(क) नेपाल सरकार, प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) नेपाली नागरिक, व्यक्ति वा सङ्घ संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी व्यक्ति, सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(घ) अनुमति प्राप्त संस्थाबाट तोकिएबमोजिम प्राप्त हुने रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि प्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्नेछ ।

(४) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(५) कोषको सञ्चालन तथा परिचालन गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।

अनित कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

६.२.२ **मर्मत संभार कोष ब्यवस्थापन समिति :** (१) कोषको सञ्चालन, रेखदेख र व्यवस्थापन कार्यमा सहजीकरण तथा समन्वय गर्न गाउँपालिकामा देहाय बमोजिमका सदस्य रहेको एक खानेपानी, सरसफाइ तथा स्वच्छता मर्मत संभार कोष व्यवस्थापन समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) प्रमुख, शिक्षा शाखा - सदस्य

(ग) प्रमुख आर्थिक प्रशासन शाखा - सदस्य

(घ) प्रमुख, स्वास्थ्य शाखा - सदस्य

(ङ) प्रमुख, खानेपानी, सरसफाइ र स्वच्छता शाखा वा ईकाइ - सदस्य-सचिव

(२) व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६.२.३ **विद्यालय स्तरीय मर्मत सम्भार कोष :** हरेक विद्यालयले खानेपानी, सरसफाइ सम्बन्धी संरचना तथा सुविधाहरुको मर्मत सम्भार एवं दिगो व्यवस्थापनका लागि एक मर्मत सम्भार कोषको व्यवस्था गर्नु पर्नेछ। उक्त कोषमा देहाय बमोजिमको रकम हुनेछ।

क) संघ, प्रदेश तथा स्थानीय तहबाट प्राप्त रकम,

ख) विकासका साझेदारहरु लगायत अन्य सरोकारवाला संघ संस्थाबाट नियमानुसार प्राप्त सहयोग

(ग) अन्य व्यक्ति वा निकायहरुबाट प्राप्त दान, दातव्य, पुरस्कार,

घ) विद्यालय स्वंयले आयआर्जन, संकलन तथा विनियोजन गरेको रकम ।

६.२.४ **विद्यालय मर्मत सम्भार कोषको सञ्चालन :** विद्यालय व्यवस्थापन समितीले निर्णय गरेबमोजिम मर्मत सम्भार कोषको सञ्चाल हुनेछ। विद्यालयले ब्यवस्थापन समितिको निर्णय गरी उक्त कोषबाट देहाय बमोजिमका कार्यहरुमा खर्च गर्न सक्नेछ ।

क) विद्यालय खानेपानी तथा सरसफाइका सुविधाहरुका मर्मत सम्भार,

ख) सरसफाइ सामाग्रीहरु (ब्रस, साबुन, हर्पिक वा फिनेल आदि) व्यवस्थापन,

ग) मर्मत सम्भारका लागि आवश्यक पर्ने औजार तथा सामाग्रीहरुका व्यवस्था लगायत अन्य आवश्यक कार्यहरु,

घ) अनुसूची १ बमोजिमका सूचकहरुको आधारमा स्तरोन्नतिसँग सम्बन्धित कार्यहरु गर्ने।

## परिच्छेद ७

## विभिन्न निकायहरुको भूमिका

गाउँपालिका भित्रका सबै विद्यालयहरुमा खानेपानी र सरसफाइका सुविधा एवं स्वच्छता प्रवर्द्धनमा एकरुपता ल्याई बालबालिकाहरुको विद्यालयमा उपस्थित हुने दरमा बृद्धि गरी सिकाइ उपलब्धि तथा शैक्षिक गुणस्तरमा सुधार गर्न देहायका निकायहरुका देहायबमोजिमका भूमिका रहनेछ ।

### ७.१ गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति

क) गाउँसभालाई खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कानून बनाउन, कार्यान्वयन गर्न सहयोग गर्ने,

ख) विद्यालय स्तरमा योजना तथा कार्यक्रम कार्यान्वयनका लागि बजेटको व्यवस्था गर्ने,

ग) विद्यालयस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सूचना तथा तथ्याङ्क व्यवस्थापन गर्ने,

घ)यस कार्यविधि बंमोजिम तोकिएको मापदण्ड अनुसार कमजोर देखिएका विद्यालयहरुलाई प्राथमिकताका आधारमा खानेपानी तथा सरसफाइका सुविधाहरू निर्माणमा सहयोग गर्ने,

ङ) विद्यालयहरूको अनुगमन, सुपरिवेक्षण तथा कार्यसम्पादन मूल्याँकन गरी शिक्षा समितिलाई सल्लाह, सुझाव दिने,

च) शिक्षक, विद्यालय व्यवस्थापन समिति र सरोकारवालाहरूको क्षमता विकासमा सहयोग गर्ने,

छ) गाउँपालिकालाई पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा गर्नुभन्दा पहिला सबै विद्यालयहरूमा खानेपानी सरसफाइ तथा स्वच्छताका सुविधा भई प्रयोग भएका अवस्थाको सुनिश्चितता गर्ने।

### ७. २ सामाजिक विकाससमिति

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ बमोजिम गठन भएको सामाजिक विकास समितिले जोशीपुर गाउँपालिकामा सञ्चालन भएका विद्यालयहरुमा विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताका क्रियाकलापहरूको व्यवस्थापन, रेखदेख, अनुगमन तथा मुल्याङ्कनको काम लगायत देहाय बमोजिमका कार्य गर्नेछ।

क) खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी रणनीतिक योजना तयारी तथा बजेटको व्यवस्थापन गर्ने,

ख) सूचना, शिक्षा, संचारसँग सम्बन्धित श्रव्य दृष्य सामग्रीहरुको विकास तथा वितरणमा सहयोग गर्ने,

ग) सरोकारवालाहरुको क्षमता विकासमा सहयोग गर्ने,

घ) गाउँपालिकालाई पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा गर्नुभन्दा पहिला सबै विद्यालयहरूमा खानेपानी सरसफाइ तथा स्वच्छताका सुविधा भई प्रयोग भएका अवस्थाको सुनिश्चितंता गर्ने,

ङ) विद्यालयको स्वमुल्याङकन कार्यको अनुगमन तथा मूल्याङ्कन गरी गराई तारा प्रमाणीकरण गर्ने,

च.मापदण्ड पूरा नभएका विद्यालयहरुका स्तरवृद्धिको लागि आवश्यक बजेट व्यवस्थापन गर्न गाउँपालिका स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिलाइ सिफारिस गर्ने,

छ) विद्यालयमा शैक्षिक पक्षका साथै विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता, स्वास्थ्य, खाद्य स्वच्छता सहित सुरक्षित विद्यालय सम्बन्धी सेवा विस्तारका लागि योजनवद्ध सहयोग गर्ने।

## ७.३ विद्यालय व्यवस्थापन समिति

प्रत्येक विद्यालयमा गठन भएको विद्यालय व्यवस्थापन समितिले नै विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छताका देहायबमोजिमका क्रियाकलापहरू सञ्चालन, रेखदेख र व्यवस्थापनकार्य गर्नेछ ।

क) योजना निर्माण, समन्वय, अनुगमन तथा सुपरिवेक्षण गर्ने,

ख) सकेसम्म स्थानीय सामग्रीको प्रयोग गरी विद्यालयमा खानेपानी तथा सरसफाइका सुविधाहरूको सुनिश्चित गर्ने,

ग) विद्यालयमा मर्मत सम्भार कोष स्थापना, कोष सङ्कलन तथा त्यस्को परिचालन गर्ने,

घ) समितिले पेश गरेको स्वमूल्याङकन फाराम समीक्षा गरी प्रमाणीकरणको लागि गाउँपालिका स्तरीय सामाजिक विकास समिति समक्ष पेश गर्ने,

ङ) समितिले सिफारिस गरेको स्वमूल्याङ्कनमा आवश्यकता अनुसार पुनरावलोकनका लागि सोही समितिमा पठाउने व्यवस्था गर्ने ।

## ७.४ प्रधानाध्यापक

क) खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा, समन्वय, सञ्चार र कार्यान्वयन गर्न खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिलाई सहयोग गर्ने,

ख) समितिले तयार गरेको योजना तथा प्रस्तावित कार्यक्रमलाई विद्यालयस्तरीय सुधार योजनामा समावेश गर्ने,

ग) खानेपानी र सरसफाइमास्तरन्नोति गर्दै यसलाई तीन ताराको अवस्थासम्मकायम राख्न आवश्यक व्यवस्था गर्ने,

ग) सम्पर्क शिक्षक वा स्वास्थ्य कार्यकर्ता तथा अन्य शिक्षकहरुलाई विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी हरेक कृयाकलापहरुमा सहभागिताको सुनिश्चितता गर्ने

घ) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन सम्वन्धी अतिरिक्त कृयाकलापहरु सञ्चालन गर्ने,

ङ) कार्यरत शिक्षक मध्ये उपलब्ध भएसम्म एक जना महिला शिक्षकलाई विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्पर्क शिक्षक तोक्ने,

च) विद्यालयले विषयसँग सम्बन्धित नियमित शिक्षण सिकाइ गर्दा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी विषय समावेश गरी पठनपाठन गराउने व्यवस्था मिलाउने

## ७.५ अभिभावक

क) विद्यालयमा खानेपानी तथा सरसफाइका सुविधाहरू निर्माण, मर्मत सम्भार गर्न सहयोग गर्ने,

क) विद्यालयमा सुरक्षित र नियमित खानेपानी आपूर्तिको व्यवस्था मिलाउन सम्बन्धित खानेपानी तथा सरसफाइ उपभोक्ता समितिसँग समन्वय गरी आवश्यक सहयोग पुर्‍याउने।

ख) आ-आफ्ना बालबालिकाहरूलाई जीवन पद्धतिकै रूपमा स्वच्छकर आनीबानी अपनाउन उत्प्रेरित गर्ने

ग) समय समयमा विद्यालयमा आई खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरुको अनुगमन गरी सम्पर्क शिक्षक र प्रधानाध्यापक लाई पृष्ठपोषण दिने ।

घ) विद्यालयमा स्वास्थ्य तथा पोषणको उचित व्यवस्थापन गर्ने ।

## ७.६ बाल क्लव

क) विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा र कार्यान्वयनमा सहयोग गर्ने,

ख) उपयुक्त स्वच्छकर आनीबानी अपनाउने र सहपाठीहरुलाई समेत अपनाउन उत्प्रेरित गर्ने,

ग) सफलताका कथाहरूको सङ्कलन र प्रदर्शन गर्ने, घर, अभिभावक, सहपाठीहरू र समुदायलाई उत्प्रेरित गर्ने ।

घ) घर परिवार, अभिभावक, सहपाठीहरू र समुदायलाई सुरक्षित पानी पिउन, शौचालयको स्वस्थकर प्रयोग, साबुनपानीले हातधुने बानी बसाल्ने, महिनावारी स्वच्छता व्यवस्थापन लगायत विद्यालय परिसर सफा र हरियाली कायम गर्न उत्प्रेरित गर्ने ।

ङ) साँस्कृतिक तथा अन्य कार्यक्रमहरुको आयोजना गरी मर्मतसंभार कोष वृद्धि गर्ने ।

अमित कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

च) मापदण्ड र सूचकअनुसार आफ्नो उपलब्धिमा सुधार गर्न सहयोगी निकायको पहिचान गरी सहयोगको लागि समन्वय समिति मार्फत पहल गर्ने,

छ) घरायसी सरसफाइ सुधार र जीवन उपयोगी सीप प्रवर्द्धनका लागि एक विद्यार्थी अर्को विद्यार्थीको घरमा समूह बनाई अवलोकन भ्रमण गर्ने ।

ज) विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छताको सुनिश्चितामा योगदान गर्ने।

## ७.७. विद्यार्थीहरु

क) विद्यालयमा नियमित सफा र तोकिएको पोशाकमा विद्यालय आउने।

ख) विद्यालयले तोकेको पालो अनुसार कक्षा कोठा, भवन परिसर, धारा र शौचालय सरसफाइको प्रबन्ध गर्ने ।

(ग) पानीका धाराको जतन गर्ने, काम सकेपछि पानीका धारा बन्द गर्ने ।

घ) शौचालयको नियिमित सरसफाइ गर्ने, शौचालयको मर्मत संभारमा सहयोग गर्ने ।

ङ) विद्यालयले आयोजना गर्ने खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी अतिरिक्त क्रियाकलापहरुमा सहभागी हुने ।

## ७.८ विकास साझेदारहरू

क) विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छताको उचित बयवस्थापन लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने,

ख) विपदको समयमा विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताका लागि आवश्यक पर्ने जनशक्ति उपलब्ध गराउने,

ग) क्षमता विकास तथा अनुसन्धानका लागि सहयोग उपलब्ध गराउने,

घ) चेतनामूलक सामग्रीहरूको विकास र वितरणमा सहयोग गर्ने,

ङ) राम्रा अभ्यासहरुको संकलन गरी छपाइ तथा वितरण गर्ने,

च) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताका कार्यहरूमा सचेतना / सहभागिता अभिवृद्धि गर्ने ।

अमित कुमार साह
प्रशासकीय अधिकृत

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

## परिच्छेद ८

## विविध

### ८.१ प्रमाणीकरण गर्ने प्रक्रिया

क) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले सामान्यतया शैक्षिक सत्र सुरु भएको तीन महिनाभित्र अनुसूची १ अनुसारको सूचकहरुको आधारमा अनुसूची २ अनुसार स्वमूल्याङ्कन गरी एक, दुई र तीन ताराका सूचकहरु पूरा गरेपछि क्रमश विद्यालय व्यवस्थापन समितिसमक्ष पेश गर्नु पर्नेछ।

ख) प्राप्त प्रतिवेदन विद्यालय व्यवस्थापन समितिले एक महिनाभित्र प्रमाणीकरणका लागि गाउँपालिकाको सामाजिक विकास समितिमा पेश गर्नुपर्नेछ ।

ग) गाउँपालिकाको सामाजिक विकास समिति वा सम्बन्धित समितिमार्फत् अनुगमन, मूल्याङ्कन गरी तारा निर्धारणको प्रमाणीकरण गरी विद्यालयलाई जानकारी दिनु पर्नेछ।

घ) सामाजिक विकास समितिले प्रमाणीकरण प्रतिवेदन सुझावसहित गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

### ८. २ योजनामा समावेश गर्ने

सम्बन्धित विद्यालयहरुले विद्यालय सुधार योजनामा र नमुना विद्यालय विकासका लागि छनौट भएका विद्यालयले गुरुयोजना निर्माण एवम् परिष्कृत गर्दा शैक्षिक पक्षका साथै विद्यालय खानेपानी सरसफाइ तथा स्वच्छता एवम् स्वास्थ्य र खाद्यं स्वच्छता सहित सुरक्षित विद्यालय सम्बन्धी विषय समेत समावेश गर्नु पर्नेछ।

### ८.३ एकीकृत सेवा प्रवाहको व्यवस्था

विद्यालयको शैक्षिक, आर्थिक, सामाजिक, वातावरणीय तथा भौतिक र मानवीय पक्षमा सुधार एवम् सोसम्बन्धी सेवा प्रवाह सबलीकरण कार्यमा एकीकृत र सहभागितात्मक विधि अपनाउनु पर्नेछ ।

### ८.४ नमुना विद्यालयहरुको लागि विशेष सर्त

नमुना विद्यालय विकासका लागि छनोट भई अनुदान प्राप्त गरेका सबै सामुदायिक विद्यालयहरुले आगामी वर्षहरुमा विद्यालय खानेपानी तथा सरसफाइ सुविधाका सूचकहरुमा तीन तारा प्राप्त गरिसक्नु पर्नेछ ।

अमित कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

# अनुसूची १

## विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताका मापदण्डहरु

विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताका उपलब्धतालाइ मूल्याङ्कन गरी स्तरीकरण गर्न देहायका सूचकहरुको आधारमा तारा पद्धति बमोजिम बर्गीकरण गरिनेछ।

| क्र.सं. | आधारहरु | सूचकहरु (तारा प्राप्त गर्ने आधारहरु) | | |
|---|---|---|---|---|
| | | एक तारा | दुई तारा | तीन तारा |
| १ | खानेपानी | पिउन्, हात धुन र सरसफाइ गर्नका लागि पानीको उपलब्धता | विद्यालयमा पिउनका लागि शुद्धीकरण गरिएको पानीको व्यवस्था | सबै बालबालिकाहरुको पहुँच सहितका पिउन र सरसफाइका लागि सुरक्षित र पर्याप्त पानीको उपलब्धता |
| २ | शौचालय | छात्रा तथा छात्रहरुका लागि चुकुलसहितका अलग अलग शौचालय भएको | बाल, लैंगिक, अपाङ्गता र वातावरण मैत्री युरिनल र पानी सहितको धारा भएको शौचालयको व्यवस्था | सुरक्षित स्थानमा बाल, लैंगिक, अपाङ्गता र वातावरण मैत्री पर्याप्तपानी सहितको सबै बिद्यर्थीहरुका लागि पुग्ने गरी शौचालयको सुविधा सहित दिसा, पिसाबको सुरक्षित निकासको व्यवस्था मिलाइएको |
| ३ | सफा स्वच्छ र हरियाली वातावरण | कक्षा कोठा र विद्यालय परिसरको नियमित सरसफाइ गरी ठोस फोहरलाई टोकरीमा सङ्कलन गरी समय समयमा बिसर्जन गरिएको साथै विद्यालय सेवा क्षेत्र खुला दिसामुक्त अवस्था कायम भएको | ठोस फोहरहरुलाई सिसा, धातुजन्य, रसायनयुक्त नकुहिने र कुहिने गरी अलग अलग टोकरीमा सङ्कलन गरी कम्तीमा हप्तामा एक पटक विसर्जन गर्ने गरिएको साथै विद्यालय परिसर भित्र पुष्प बगैचाको व्यवस्था भएका | सामग्रीहरुको प्रयोग घटाउने, पुनः प्रयोग गर्ने र पुनःचक्रणका पद्धति लागु गरी सबै खाने फोहोरको व्यवस्थापना गरिएको साथै विद्यालय भित्रको उपयुक्त खाली जमिनमा वृक्षारोपण र करेसाबारीको विकास गरिएको |



...मित कुमार साह
...अधिकृत

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| ४ | खानाको स्वच्छता | विद्यालयमा विद्यार्थीले खाने दिवा खाजासफा, स्वच्छ र ताजा भएको | विद्यालयमा व्यवस्थित र सुरक्षित तवरले दिवा खाजा तयार गर्न भाँडावर्तन, अन्य सामग्रीहरु र पकाउने स्थानको सुविधा भएको तथा पकाएको र नपकाएको खाद्य सामग्री छुट्टाछुट्टै राख्ने व्यवस्था भएको | दक्ष वयक्ति सहयोगमा दिवा खाजा तयार गर्ने व्यवस्था भएको र वातावरण अनुकुल उपयूक्त तापक्रममा सुरक्षित भण्डारण गर्ने व्यवस्था भएको |
| ५ | स्वच्छता सुविधा | पानी साबुनसहितका हात धुन सुविधा भएको | समूहमा साबुन पानीले हात धुने स्थायी सुविधासहित साबुन र पानीको नियमित व्यवस्था भएको | समूहमा साबुन पानीले हात धुने स्थायी सुविधा ५० विद्यार्थीको अनुपातमा १ धारामा सबैको सहज पहुँच सहित प्रयोग भई नाली वा सोकपिट वा बगैचा वा करेसाबारीको पानीको निकासका व्वस्था गरिएको |
| ६ | स्वच्छता शिक्षा | सबै कक्षामा स्वच्छता शिक्षा अध्ययन, अध्यापन हुने गरेको पाँच कक्षाभन्दा माथि महिनावारी स्वच्छता व्यवस्थापन पठनपाठन गर्न राखिएको | विद्यार्थीहरुको व्यावहारिक र जीवन उपयोगी स्वच्छता शिक्षामा सक्रिय सहभागिता हुने गरेको | स्वास्थ्य तथा वातावरण विषयमा विद्यार्थीहरुको व्यक्तिगत सरसफाइ र स्वच्छता व्यवहार (समूहमा हात धुने, व्यक्तिगत सरसफाइ र शौचालयको सरसफाइ गर्ने) का आधारमा अङ्क दिने पद्धतीका अवलम्बन गरिएको |
| ७ | महिनावारी स्वच्छता व्यवस्थापन सुविधा | सेनिटरी प्याड व्यवस्थापनका लागि छात्रा शौचालयहरुमा ढकनसहितका डस्टबिन राखिएको वा इन्सिनेटर जडान भै प्याडहरुको | आकस्मिक अवस्थाका लागि सहज सेनिटरी प्याडको व्यवस्था र प्रयोग गरिएका प्याडहरुको सुरक्षित बिसर्जन गर्ने गरिएको | छात्राहरुले पुन प्रयोग गर्ने सेनिटरी प्याड तयार गर्ने सीप सकी वा स्वस्थकर प्याड प्रयोगमा ल्याएकार महिनावारी स्वच्छता सुविधाहरु स्ञ्चालनमा रहेको |



अमित कुमार साह
... अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | सुरक्षित बिसर्जन गर्ने गरिएको | | |
| ८ | संस्थागत व्यवस्था र दिगोपना | बाल क्लब र विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन भएको | विद्यालय सुधार योजनामा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना समावेश भएको | नियमित मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था, आवश्यक सीप र जगेडा औजारहरुका व्यवस्था भएका र नियमित रुपमा तालिका अनुसार शौचालय, धारा र हातधुने ठाउँको सरसफाइ गर्ने गरिएको |
| ९ | विपत जोखिम व्यवस्थापन | शिक्षक तथा बालबालिकाहरुलाई विपत जोखिम न्यूनिकरण सम्बन्धमा क्षमता विकास गरिएको | खानेपानी, सरसफाइ तथा स्वच्छता समेतका विपत पूर्व तयारी र प्रतिकार्य योजना तयार गरिएको र जोखिम नक्साङ्कन तयार गरी सबैले देख्ने स्थानमा टाँगिएको | खानेपानी तथा सरसफाइका संरचनाहरु नेपाल सरकारको सेवाकृत मापदण्ड (विपद जोखिम न्यूनीकरण) अनुसार निर्माण भएको |
| १० | अनुगमन तथा जवाफदेहिता | खानेपानी, सरसफाइ तथा स्वच्छता र महिनावारी स्वच्छताका लागि सम्पर्क शिक्षक वा स्वास्थ कार्यकर्ताको व्यवस्था गरिएको | खानेपानी, सरसफाइ तथा स्वच्छता र महिनावारी सवच्छता सम्पर्क शिक्षकको निगरानीमा दैनिक रुपमा शौचालयको सफाइ र साबुन पानीले हात धुने गरिएको | खानेपानी, सरसफाइ तथा स्वच्छता र महिनावारी स्वच्छता सम्पर्क शिक्षकको सहजीकरणमा खानेपानी, सरसफाय तथा स्वच्छता कर्नर (सम्बन्धित पुस्तक, पत्रिका, पोष्टर, सूचना तथा जानकारीमुलक सामग्री र सेनिटरी प्याड) को व्यवस्था गरिएको |

एक, दुई र तीन तारामध्ये पूरा भएकोमा चिन्ह (✓) र नभएकोमा चिन्ह (×) लगाउनुपर्नेछ। एक ताराका सबै सूचक पूरा गरेपछि ×दुई तारा" तोक्न सकिने छ र एवम् रीतले एक तारा र दुई ताराका सबै सूचक पूरा गरेपछि ×दुई तारा" र एक तारा, दुई तारा र तीन ताराका सबै सूचक पूरा गरेपछि ×तीन तारा" तोक्न सकिनेछ।



अमित कुमार साह

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

मिति:

## अनुसूची २

### विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताका स्वमूल्याङ्कन फारम

विद्यालयको नामः.............................................विद्यालयको कोड नं.:...............

वडा नं.:..................ठगेनाः...................सञ्चालित् तह र कक्षाः.......................................

विद्यार्थी: छात्र: छात्रा: शिक्षक: महिला: पुरुष:

| क्र. सं. | आधारहरू | विद्यालय तारा प्राप्त गर्ने मापदण्डहरु (निम्न लिखित एक तारा, दुई तारा वा तीन ताराको अवस्था मापन गर्दा प्रत्येक ताराको अवस्था १ (न्यून), २ (मध्यम) र ३(उत्तम) मध्ये जुन अवस्थामा छ सोही अनुसार अंक लेख्ने) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | एक तारा | | दुई तारा | | तीन तारा | |
| १ | खानेपानी | पिउन, हात धुन र सरसफाइ गर्नका लागि पानीको उपलब्धता | | विद्यालयमा पिउनका लागि शुद्धीकरण गरिएका पानीको व्यवस्था | | सबै बालबालिकाहरुको पहुँच सहितका पिउन र सरसफाइका लागि सुरक्षित र पर्याप्त पानीको उपलब्धता | |
| २ | शौचालय | छात्रा तथा छात्रहरुका लागि चुकुल सहितका अलग अलग शौचालय भएको | | बाल, लैङ्गिक, अपाङ्गता र वातावरण मैधी युरिनल र पानी सहितका धारा भएको शौचालयको व्यवस्था | | सुरक्षित स्थानमा बाल, लैङ्गिक, अपाङ्गता र वातावरण मैत्री पर्याप्त पानी सहितको शौचालयको सुविधा सबै बिद्यर्थीहरुका लागि पुग्ने गरी उपलब्ध भएका / दिसा, पिसाबो सुरक्षित निकासको व्यवस्था मिलाइएको | |
| ३ | | कक्षा कोठा र विद्यालय परिसरको | | ठोस फोहरहरुलाई सिसा, धातुजन्य, रसायनयुक्त | | सामग्रीहरुको प्रयोग घटाउने, पुनःप्रयोग गर्ने र | |

अमित कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सफा स्वच्छ र हरियाली वातावरण | नियमित सरसफाइ गरी ठोस फोहरलाई टोकरीमा सङ्कलन गरी समय समयमा बिसर्जन गर्ने गरिएको साथै विद्यालय सेवा क्षेत्र खुला दिसामुक्त अवस्था कायम भएको | | नकुहिने र कुहिने गरी अलग अलग टोकरीमा सङ्कलन गरी कम्तीमा हप्तामा एक पटक विसर्जन गरर्ने गरिएको साथै विद्यालय परिसरभित्र पुष्पबाटिकाको व्यवस्था भएको | | पुनःचक्रणका पद्धति लागु गरी सबै खाले फोहोरको व्यवस्थापन गरिएको साथै विद्यालय भित्रको उपयुक्त खाली जमिनमा वृक्षारोपण र करेसाबारीको विकास गरिएको | |
| ४ | खानाको स्वच्छता | विद्यालयमा विद्यार्थीले खाने दिवा खाजा सफा, स्वच्छता र ताजा भएको। | | विद्यालयमा व्यवस्थित र सुरक्षित तवरले दिवा खाजा तयार गर्न भाँडावर्तन, अन्य सामग्रीहरु र पकाउने स्थानको सुविधा भएको तथा पकाएको र नपकाएको खाद्य सामग्री छुट्टछुट्टै राख्ने व्यवस्था भएको | | दक्ष वयक्ति सहयोगमा दिवा खाजा तयार गर्ने व्यवस्था भएको र उपयूक्त तापक्रममा सुरक्षित भण्डारण गर्ने व्यवस्था भएको | |
| ५ | स्वच्छता सुविधा | पानी र साबुन सहितको हात धुने सुविधा भएको | | समुहमा साबुन पानीले हात धुने स्थायी सुविधासहित साबुन र पानीको नियमित व्यवस्था भएको | | समुहमा साबुन पानीले हात धुने स्थायी सुविधा (५० विद्यार्थी अनुपातमा एक धारा) मा सबैको सहज पहुँच सहित प्रयोग भई नाली वा सोकपिट वा बगैचा वा करेसाबारीमा पानीको निकासको व्यवस्था गरिएको | |
| ६ | | | | | | | |

अमित कुमार साह
प्रशासकीय अधिकृत

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | स्वच्छता शिक्षा | सबै कक्षामा स्वच्छता शिक्षा अध्ययन, अध्यापन हुने गरेको पाँच कक्षाभन्दा माथि महिनावारी स्वच्छता व्यवस्थापन पठनपाठन गर्ने गरिएको | | विद्यार्थीहरुका व्यावहारिक र जीवन उपयोगी स्वच्छता शिक्षामा सक्रिय सहभागिता हुने गरेको | | स्वास्थ्य तथा वातावरण विषयमा विद्यार्थीहरुको व्यक्तिगत सरसफाइ र स्वच्छता व्यवहार (समूहमा हात धुने, व्यक्तिगत सरसफाइ र शौचालयको सरसफाइ गर्ने) का आधारमा अङ्क दिने पद्धतिका अवलम्बन गरिएको | |
| ७ | महिनावारी स्वच्छता व्यवस्थापन सुविधा | सेनिटरी प्याड व्यवस्थापनका लागि छात्रा शौचालयहरुमा ढकन सहितका डस्टबिन राखिएको वा इन्सिनेटर जडान भै प्याडहरुको सुरक्षित बिसर्जन गर्ने गरिएको | | आकस्मिक अवस्थाका लागि सहज सेनिटरी प्यडको व्यवस्था र प्रयोग गरिएको प्याडहरुका सुरक्षित बिसर्जन गर्ने गरिएको | | छात्राहरुले पुन प्रयोग गर्ने सेनिटरी प्याड तयार गर्ने सीप सिकी वा स्वस्थधर प्याड प्रयोगमा ल्याएको र महिनावारी स्वच्छता सुविधाहरु सञ्चालनमा रहेको | |
| ८ | संस्थागत व्यवस्था र दिगोपना | बाल क्लब र विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन भएको | | बिद्यालय सुधार योजनामा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना समावेश भएको | | नियमित मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था, आवश्यक सीप र जगेडा औजारहरुका व्यवस्था भएका र नियमित रुपमा तालिका अनुसार शौचालय, धारा र हातधुने ठाउँको सरसफाइ गर्ने गरिएको | |
| ९ | विपत जोखिम व्यवस्थापन | शिक्षक तथा बालबालिकाहरुलाई विपत जोखिम सम्बन्धनमा क्षमता विकास गरिएको | | खानेपानी, सरसफाइ तथा स्वच्छता समेतका विपत पूर्व तयारी र प्रतिकार्य योजना तयार गरिएको र जोखिम नक्साङ्कन तयार गरी सबैले देख्ने स्थानमा टाँगिएको | | खानेपानी तथा सरसफाइका संरचनाहरु नेपाल सरकारको स्वीकृत मापदण्ड (विपद जोखिम न्यूनीकरण) अनुसार निर्माण भएको | |
| | | | | | | | |



...सार साह

जोशीपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोशीपुर कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | अनुगमन तथा जवाफदेहिता | खानेपानी, सरसफाइ तथा स्वच्छता र महिनावारी स्वच्छताका लागि सम्पर्क शिक्षक वा स्वास्थ्य कार्यकर्ताको व्यवस्था गरिएको | | खानेपानी, सरसफाइ तथा स्वच्छता र महिनावारी स्वच्छता सम्पर्क शिक्षकको निगरानीमा दैनिक रुपमा शौचालयको सफाइ र साबुन पानीले हात धुने गरिएको | | खानेपानी, सरसफाइ तथा स्वच्छता महिनावारी स्वच्छता सम्पर्क शिक्षकको सहजीकरणमा खानेपानी, सरसफाइ तथा स्वच्छता कर्नर (सम्बन्धित पुस्तक, पत्रिका, पोष्टर, सूचना तथा जानकारीमुलक सामग्री र सेनिटरी प्याड) को व्यवस्था गरिएको | |

अमित कुमार साह
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ३

### मूल्याङ्कनको विश्लेषणका आधारमा स्तरोन्नतिका लागि कार्ययोजनाको ढाँचा

विद्यालयको नाम :........................................विद्यालयको कोड नं. ..................................

वडा नं. ............... ठेगाना :............................सञ्चालित तह र कक्षा :.........................

| सुचकहरु | सुधार गर्नुपर्ने मुख्य कार्यहरु | | जिम्मेवार व्यक्ति संस्था | समायवधि | कैफियत |
|---|---|---|---|---|---|
| १. खानेपानी | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| २. शौचालय | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ३. सफा स्वच्छ र हरियाली वातावरण | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ४. खानाको सुविधा | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ५. स्वच्छता सुविधा | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ६. स्वच्छता शिक्षा | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ७. महिनावारी स्वच्छता व्यवस्थापन सुविधा | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |



कुमार साह

| | | | | | |
|---|---|---|---|---|---|
| ८. संस्थागत | तारा १ | | | | |
| व्यवस्था र | तारा २ | | | | |
| दिगोपना | तारा ३ | | | | |
| ९. विपत | तारा १ | | | | |
| जोखिम | तारा २ | | | | |
| व्यवस्थापन | तारा ३ | | | | |
| १०. अनुगमन | तारा १ | | | | |
| तथा | तारा २ | | | | |
| जवाफदेहिता | तारा ३ | | | | |

आज्ञाले

अमित कुमार साह

प्रमुख प्रशासकिय अधिकृत

अमित कुमार साह

प्रमुख प्रशासकीय अधिकृत